म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- १५२ २०८० वैशाख १३ गते बुधबार 26 April 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

## जग्गा बिक्रिमा

हेटौंडा उपमहानगरपालिका–९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.
९८५१३३२३८०, ९८०११८६७०९

### प्रतिनिधिसभा उपनिर्वाचन-२०८०

# तनहूँमा डा. स्वर्णिम, चितवनमा रवि विजयी, बारामा उपेन्द्रको अग्रता




समाज संवाददाता

हेटौंडाः प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा तनहुँ १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार स्वर्णिम वाग्ले विजयी हुनुभएको छ । यस्तै चितवन २ बाट रास्वपाका सभापति रवि लामिछाने विजयी हुनुभएको छ । बारा-२ मा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवको अग्रता रहेको छ।

सोमबार राती सकिएको मतगणनाअनुसार तनहुँ-१ मा रास्वपाका उम्मेदवार डा. स्वर्णिम वाग्ले फराकिलो मतान्तरसहित विजयी हुनुभयो । वाग्लेले कांग्रेस उम्मेदवार गोविन्द भट्टराईलाई १४ हजार ७ सय ९७ मतले हराउनुभएको हो । वाग्लेले ३४ हजार ९ सय १९ मत ल्याउँदा भट्टराईले २० हजार १ सय २२ मत प्राप्त गर्नुभयो । तेस्रो स्थानमा रहेका नेकपा एमालेका सर्वेन्द्र खनालले ८ हजार ४ सय ८८ मत प्राप्त गर्नुभयो । तनहुँ-१ मा १ लाख २३ हजार ३ सय ५ जना मतदातामध्ये आइतबार भएको उपनिर्वाचनमा ६५ हजारभन्दा बढी मत खसेको थियो ।

गत मंसिर ४ को आमनिर्वाचनमा तनहुँ-१ मा कांग्रेसबाट रामचन्द्र पौडेल निर्वाचित हुनुभएको थियो । उहाँ राष्ट्रपति बन्नुभएपछि उपनिर्वाचन गरिएको हो । मंसिरको निर्वाचनमा पौडेल २५ हजार ३ सय ६१ मत प्राप्त गरेर विजयी हुनुभएको थियो । त्यति बेला एमालेका एकबहादुर र ाना मगरले १९ हजार ९ सय ८१, स्वतन्त्र उम्मेदवारी दिएका गोविन्दराज जोशीले ६ हजार ८ सय ८६ र राष्ट्रिय स्वतन्त्र पार्टीका विकास सिग्देलले ६ हजार ४४ मत प्राप्त गर्नुभएको थियो ।

गोरखामा जन्मनुभएका वाग्लेले अमेरिकाको हार्वर्ड विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय विकासमा स्नातकोत्तर र अस्ट्रेलियन नेसनल युनिभर्सिटीबाट अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएको छ । उहाँले स्नातक तहको अध्ययन बिएस्सी (इकोनोमिक्स) लन्डन स्कुल अफ इकोनोमिक्सबाट गर्नुभएको छ भने विद्यालय तहको पढाइ काठमाडौंको बुढानिलकण्ठ स्कुलबाट पूरा गर्नुभएको हो । कांग्रेस राजनीतिमा रहनुहुँदा उहाँलाई सुशील कोइरालाको प्रधानमन्त्री कालमा अमेरिकाबाट बोलाएर राष्ट्रिय योजना आयोगको सदस्यमा नियुक्त गरिएको थियो । नेपाल फर्किनुअघि उहाँ विश्व बैंकको वासिङ्टनस्थित मुख्यालयमा वरिष्ठ अर्थशास्त्रीका रूपमा कार्यरत हुनुहुन्थ्यो । उहाँले युएनडिपीको वरिष्ठ अर्थशास्त्रीका रूपमा मुख्यालय न्यूयोर्क, भियतनामको राजधानी हनोइ र श्रीलंकाको राजधानी कोलम्बोमा रहेर पनि काम गरि सक्नुभएको छ । पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा उहाँ दोस्रोपटक योजना आयोगको सदस्य बन्नुभयो भने अघिल्लोचोटि शेरबहादुर देउवा प्रधानमन्त्री हुनुहुँदा वाग्लेले योजना आयोगको उपाध्यक्ष भएर काम गर्नुभएको थियो ।

यता चितवन क्षेत्र नम्बर २ मा रास्वपा सभापति रवि लामिछाने भारी मतान्तरले विजयी हुनुभएको छ । लामिछानेले ५४ हजार २७६ मत प्राप्त गरेर विजयी हुनुभएको हो । उहाँका निकटतम् प्रतिस्पर्धी कांग्रेसका जीत नारायण श्रेष्ठले ११ हजार २५१ मत पाउनुभयो । लामिछाने र श्रेष्ठको मतान्तर ४३ हजार २५ रहेको छ । एमाले उम्मेदवार रामप्रसाद न्यौपानेले १० हजार ९३५ मत पाउनुभयो । यसअघि कांग्रेसका उम्मेदवार उमेश श्रेष्ठले १४ हजार ९८८ र एमालेका कृष्णभक्त पोखरेलले १४ हजार ६५२ मत पाउनुभएको थियो । रवि लामिछानेले यसअघि गत मंसिर ४ गते ४९ हजार ३०० मत पाउनुभएको थियो । चितवन क्षेत्र नम्बर २ मा १० गते भएको निर्वाचनमा ७८ हजार २ सय ७७ मत खसेको थियो ।

यस्तै बारा २ मा जसपा अध्यक्ष उपेन्द्र यादवको अग्रता कायमै छ । मंगलबार राती साढे १० बजेसम्ममा जसपाका यादवले २२ हजार ८९५ ल्याउँदा जनमतका कुशवाहाले २० हजार १५२ मत ल्याएका छन् । त्यस्तै नेकपा एमालेका पुरुषोत्तम पौडेलले ६७१५ र रास्वपाका रमेश खरेलले २६८९ मत पाएका छन् । बारा-२ मा ६९ हजार १०७ मत खसेको छ ।

# बागमती प्रदेशसभाबाट दुई विधेयक स्वीकृत

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको १८ औं बैठकबाट दुई वटा विधेयक स्वीकृत भएको छ । मंगलबार बसेको प्रदेशसभा बैठकबाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र चिठ्ठासम्बन्धी विधेयक स्वीकृत भएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशसभामा प्रस्तुत गर्नुभएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ को साविकको व्यवस्था जगाउनेसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक संसदमा प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत विधेयकमा बहुमत पाएपछि सभामुख भुवनकुमार पाठकले विधेयक स्वीकृत भएको घोषणा गर्नुभयो ।

यस्तै, प्रदेशभित्रका जनताको हित, सदाचार र आर्थिक हित कायम गर्न चिठ्ठा बिक्रीसम्बन्धी बनेको चिठ्ठासम्बन्धी विधेयक पनि स्वीकृत भएको छ । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले उक्त विधेयक सभामा प्रस्तुत गर्नुभएको थियो ।

# भीमफेदी गाउँपालिकाको वडामै स्वास्थ्य प्रयोगशाला सेवा



*प्रयोगशालाको उद्घाटन गर्नुहुँदै गाउँपालिका अध्यक्ष हिदम लामा ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिकाले वडामै स्वास्थ्य प्रयोगशाला सेवा सुरु गरेको छ । गाउँपालिकाले २ नम्बर वडामा प्रयोगशाला सेवा सुरु गरेको हो । भीमफेदी-२, भैंसेस्थित भैंसे स्वास्थ्य चौकीमा सोमबार गाउँपालिकाका अध्यक्ष हिदम लामाले प्रयोगशालाको उद्घाटन गर्नुभयो ।

प्रयोगशालाका लागि एकजना स्वास्थ्यकर्मी रहेका छन् । स्वास्थ्य चौकीमा स्थापित प्रयोगशालाबाट गाउँपालिकाको वडा नम्बर १, २, ३, ४ र ९ का सर्वसाधारण लाभान्वित हुने बताइएको छ । प्रयोगशालामा मधुमेह, युरिक एसिड, पिसाब, जाँच, गर्भ रहेको वा नरहेको जाँच, मृगौलासँग सम्बन्धित जाँच, टाईफाईड जाँच, जन्डिस जाँच, हेपाटाइटिस बी र हेपाटाइटिस सी जाँच, एचआईभि जाँच र रगत परीक्षणको सेवा प्रयोगशालाबाट लिन सकिने छ । जनताको सेवाका लागि पालिकाले वडामै प्रयोगशाला स्थापना गरिएको गाउँपालिकाका अध्यक्ष हिदम लामाले बताउनुभएको छ । प्रयोगशाला उद्घाटन कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष सञ्जीव श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

## "हाम्रो प्रतिवद्धता"

आजका बालबालिका भोलिका कर्णधार हुन् । आजका बालबालिकाको उचित स्याहार गरी गुणस्तरीय शिक्षा प्रदान गर्दै ज्ञान, सीप र दक्षतायुक्त नागरिक बन्ने आधार तयार पार्नु आजका अभिभावक पुस्ताको दायित्व हो । नेपाली समाजका आम बालबालिकाले उचित स्याहार पाउन सकेका छैनन् । अझै आधारभूत शिक्षाको सुनिश्चितता हुन नसक्नु विडम्बनापूर्ण परिस्थिति छ ।

यतिबेला बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका बालमैत्री पालिका घोषणाको तयारीमा छ । बालमैत्री पालिका घोषणाको तयारी गर्दै गर्दा हामीले हाम्रा उपलब्धीको चर्चा गर्ने भन्दा पनि हाम्रा आधारभूत समस्यालाई कसरी सुल्झाउने भन्नेमै केन्द्रित हुनु परेको छ । विद्यालय जानुपर्ने बालबालिका श्रममा लागेका छैनन् भन्ने अवस्था मात्रै निर्माण गर्नु पनि ठूलै उपलब्धी हुने अवस्था छ । यसैसन्दर्भमा कपडा तथा तयारी पोशाक व्यवसायको क्षेत्रमा पनि बालश्रम प्रयोग भएको छ कि भन्ने आशंकाले हेरिनु स्वभाविक हो । तर, हामी स्पष्ट पार्न चाहान्छौं कि हामीले हाम्रा बालबालिकालाई श्रममा लगाएका छैनौं ।

हामीले आजका हाम्रा बालबालिकाको अधिकारलाई स्थापित गर्न कै लागि हरेक वर्ष जिल्लाका विभिन्न स्थानमा पुगेर विद्यार्थीलाई न्यानो कपडा वितरण गर्ने गरेका छौं । आगलागी पीडित परिवारका बालबालिकाको संरक्षणकै लागि सक्दो सहयोग गर्दै आएका छौं । भूकम्प, कोभिड-१९ जस्ता महामारीमा पनि हामीले समाजको समस्यामा साथ र सहयोग गर्दै आएका छौं । यतिबेला स्थानीय सरकारले बालबालिकाको क्षेत्रमा महत्वपूर्ण विकासको आधारको रुपमा बालमैत्री पालिका घोषणाको तयारीप्रति ऐक्यवद्धता जनाउँदै बालमैत्री पालिका घोषणाका लागि हाम्रो व्यवसाय, हामी व्यवसायीका परिवार र हामी बस्दै आएको समुदायमा सक्दो योगदान गरी बालमैत्री पालिका घोषणाका लागि सहयोग गर्न प्रतिवद्ध रहेको यसै पत्रमार्फत जानकारी गराउँदछौं ।

बालमैत्री पालिका घोषणासँगै घोषणापश्चात गरिनुपर्ने कार्यमा पनि हामी पालिकालाई साथ र सहयोग गर्न प्रतिवद्ध रहने छौं । भोलिको सुन्दर समाज निर्माणका लागि आजका बालबालिकाको उचित स्याहारमा हामी प्रतिवद्ध छौं । सबैमा बालमैत्री पालिका घोषणामा प्रतिवद्ध रहन आव्हान समेत गर्दछौं ।

नेत्र प्रसाद

नेत्रप्रसाद खतिवडा
अध्यक्ष

कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुर
हेटौंडा, मकवानपुर

# हेटौंडाको पूर्वाधार विकासमा ३० प्रतिशतमात्र खर्च

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को पूर्वाधार विकासमा विनियोजित बजेटको ३० प्रतिशतमात्र खर्च भएको छ । १ अर्ब २३ करोड २९ लाख ५१ हजार २ सय ५३ रुपैयाँ बिनियोजित बजेटमध्ये साउनदेखि चैतसम्म ३०.५१ प्रतिशत अर्थात् ३७ करोड ६१ लाख ७३ हजार ४ सय २७ रुपैयाँमात्र खर्च भएको हो ।

उपमहानगरपालिकाले यातायात पूर्वाधारमा ५८ कारोड २९ लाख ८२ हजार ८ सय ४९ रुपैयाँ बजेट विनियोजन गरेकोमा ३१.६४ प्रतिशत खर्च भएको छ । भवन, आवास तथा सहरी विकासमा ५८ करोड ९७ लाख ४२ हजार ४ सय ३ रुपैयाँ बजेट विनियोजन भएकोमा ३०.२ प्रतिशत खर्च भएको छ । ऊर्जामा १ करोड ६१ लाख ७० हजार विनियोजित बजेटमा २८.५७ प्रतिशत खर्च भएको छ ।

यस्तै, सञ्चार तथा सूचना प्रविधिमा २ करोड १६ लाख ५० हजार बजेट विनियोजन भएकोमा ३०.९८ प्रतिशत खर्च भएको छ । सम्पदा पूर्वाधारमा २ करोड २ लाख ३१ हजार रुपैयाँ बजेट विनियोजित भएकोमा १२ प्रतिशतमात्र खर्च भएको छ । उपमहानगरपालिकाले पुननिर्माण शीर्षकमा २१ लाख ७५ हजार बजेट विनियोजन गरेकोमा खर्च शून्य रहेको छ ।

सामान्यतया ९ महिनाको अवधिमा ७५ प्रतिशत खर्च हुनुपर्नेमा ३० प्रतिशतमात्र बजेट खर्च भएको छ । यो विवरण हेर्दा उपमहानगरको बजेट खर्चको अवस्था निकै कमजोर रहेको देखिनुका साथै बजेट फ्रीज हुने सम्भावना बढाएको छ ।

उपमहानगरपालिकाको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षकमा विनियोजित ४४ करोड ६१ लाख ६५ हजार ६ सय ४७ रुपैयाँ बजेटको ६४.७५ प्रतिशत खर्च भएको छ । विकास निर्माणको काममा ३० प्रतिशत र कार्यालय सञ्चालनमा ६५ प्रतिशत खर्च भएको हो । विकासको काममा खर्च नगर्दा विकासका लागि आएको बजेट फ्रीज हुने गर्दछ, जसले विकासको काम रोकिने गरेको छ ।

आर्थिक विकासतर्फ २४ करोड ५७ लाख ५८ हजार ७ सय २० रुपैयाँ विनियोजित बजेटमा १६.३२ प्रतिशतमात्र खर्च भएको छ । जसमध्ये कृषिमा १६.७१ प्रतिशत, उद्योगमा १०.५४ प्रतिशत, पर्यटनमा ७.३५ प्रतिशत, सहकारीमा ९.८६ प्रतिशत, वित्तीय क्षेत्रमा ३२.४४ प्रतिशत, जलश्रोत तथा सिंचाईमा १५.३६ प्रतिशत खर्च, वनमा २२. ६६ प्रतिशत खर्च, पशुपंक्षी विकासमा १५.५३ प्रतिशत र भूमि व्यवस्थामा ६२.५४ प्रतिशत खर्च भएको छ ।

समग्रमा पूर्वाधार विकासमा ६० प्रतिशत काम भइसकेको र खर्च भुक्तानी हुन बाँकी रहेकाले बजेट खर्च कम देखिएको हेटौंडा उपमहानगरपालिका मेयर मीनाकुमारी लामाले बताउनुभयो । आर्थिक विकासतर्फ ७० प्रतिशत खर्च भएको भए पनि रकम भुक्तानी हुन बाँकी रहेको उहाँले जानकारी दिनुभयो । अहिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बनाउन सुरु गरिएको उहाँले बताउनुभयो । पालिकाले आगामी वर्षका लागि कति बजेट खर्च गर्ने भन्ने निर्णय अहिले हुननसक्ने मेयर लामाको भनाई छ । संघबाट जेठमा बजेट आएपछि उपमहानगरपालिकाको बजेटको टुङ्गो लाग्ने उहाँले जानकारी दिनुभयो ।

## एसईईपछि...

आउनुहोस् केही सिकौं, केही गरौं

आधारभूत पत्रकारिता तालिम
- समाचार संकलन तथा लेखन
- रेडियोमा समाचार वाचन तथा कार्यक्रम सञ्चालन

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

छिटो गर्नुहोस् ।

९८५५०६८२२७
समृद्ध समाज दैनिक
रेडियो निकास ९३.४ मेगाहर्ज
www.samriddhasamaj.com

# सम्पादकीय

## बढ्दो किशोरी आमा

मकवानपुरमा सानै उमेरमा आमा बन्नेहरुको संख्या बढ्दो छ । २० वर्षभन्दा कम उमेर (किशोरावस्था)मै बच्चा जन्माउने आमाको संख्या बढ्दै गएको छ । बालविवाह कानुनीरुपमा दण्डनीय छ । २० वर्षभन्दा कम उमेरमा हुने विवाहलाई बालविवाह भनिन्छ । बालविवाह गर्ने र गराउनेलाई दुबैलाई कानुनले दण्डित गर्ने व्यवस्था गरेको भए पनि बालविवाह अन्त्य हुन सकेको छैन । बालविवाह अन्त्य हुन नसक्दा किशोरावस्थामै आमा बन्ने क्रम पनि बढिरहेको छ । मकवानपुर जिल्लाका तीनवटा पालिकाहरुले बालमैत्री शासन सुनिश्चित भएको घोषणा गरिसकेको र अन्य पालिकाहरु बालमैत्री घोषणाको होडमा लागिरहेको अवस्थामा बालविवाह र किशोरी आमा चुनौतीपूर्ण बनेको छ ।

पछिल्लो एक वर्षको अवधिमा मकवानपुर जिल्लामा एक हजार ७ सय ३ जना किशोरीले गर्भवती जाँच गराएका छन् । जिल्लामा गर्भवती जाँच गराउने १४ हजार ७ सय ३० जनामध्ये एक हजार ७ सय ३ जना २० वर्षभन्दा कम उमेरका छन् । कुल गर्भवतीमध्ये करिब १२ प्रतिशत २० वर्षभन्दा कम उमेरका रहेका छन् । पहिलो पटक गर्भ जाँच गराउने ७ हजार ३ सय ७७ जनामध्ये ७ सय २६ जना किशोरी छन् । १२ हप्तासम्मको गर्भ जाँच गराउने ३ हजार २ सय २९ जनामध्ये ३ सय ६५ जना किशोरी रहेको घिमिरेले जानकारी दिनुभयो । ४ पटक गर्भवती जाँच गराउने ४ हजार ३ सय ४७ जनामध्ये ४ सय ७४ जना किशोरी छन् । ८ औं पटक गर्भजाँच गराउने एक हजार ४ सय ८० मध्ये १ सय ३८ जना किशोरी छन् । ४ हजार १ सय ९६ जनाले प्रसुती सेवा लिएकोमा ४ सय ८८ जना २० वर्षभन्दा कम उमेरका किशोरी छन् । यो पनि करिब १२ प्रतिशत नै रहेका छन् । यसै अवधिमा ४६ जना किशोरीले गर्भपतन सेवा लिएका छन् ।

किशोरावस्थामा गर्भधारण गरी बच्चा जन्माउँदा आमा र शिशुको स्वास्थ्यमा विभिन्न समस्या आउने गर्दछ । शारीरिकरुपमा परिपक्व नहुने भएकाले २० वर्ष नपुगी विवाह गर्ने, गर्भधारण गर्ने र बच्चा जन्माउने गर्नु उपयुक्त हुँदैन । यो चेतना अधिकांश नेपालीलाई थाहा छ । तर, २० वर्ष नपुगदै विवाह गर्ने र बच्चा जन्माउने परिपाटी कायमै रहेको छ । पहिला शिक्षा र चेतनाको कमी हुँदाको अवस्थामा बालविवाहलाई सामान्यरुपमा लिने गरिएको भए पनि अहिलेको सचेत र सभ्य समाजमा बालविवाहलाई कुनै आधारमा स्वभाविक मान्न सकिँदैन । विभिन्न धार्मिक तथा सांस्कृतिक मूल्य, मान्यता र अज्ञानताका कारण विगतमा अभिभावकले सानै उमेरमा विवाह गराइदिन्थे । तर, पछिल्लो समयमा किशोर-किशोरीहरु स्वयम् विवाहका लागि उत्साहित बन्ने गरेको पाइन्छ । विद्यालय तहको सानै कक्षादेखि बालविवाहजस्ता सामाजिक विकृति र समस्याका बारेमा पढाउने र सिकाउने गरिएको भए पनि बालबालिका बालविवाहप्रति आकर्षित हुनुले यसको नियन्त्रणमा थप चुनौती बनेको छ । सामाजिक सञ्जालको दुरुपयोग, आपसी प्रेम एवम् किशोरावस्थामा हुने विपरित लिङ्गीप्रतिको आकर्षणले बालविवाहको घटना बढ्दै गएको छ ।

बालविवाहका कारण शारीरिक र मानसकि विकासमा असर पुग्दछ । बालविवाहले पारिवारिक विचलनका साथै विविध सामाजिक समस्यासमेत देखिने गरेका छन् । किशोरी आमा बन्नुपर्दा त्यसबाट थपिने आर्थिक, सामाजिक समस्या कयौं छन् । यी सबै हुँदाहुँदै पनि १२ प्रतिशतको हाराहारीमा किशोरी आमा बन्नु गम्भीर चुनौतीको विषय हो । २०७४ सालमा आएको मुलुकी अपराध संहिता र देवानी संहिताले विवाह गर्न बीस वर्ष उमेर पुगेको हुनुपर्ने व्यवस्था गरेको छ । २० वर्ष उमेर नपुगी भएको विवाह स्वतः बदर हुने व्यवस्था दुबै ऐनमा रहेको हुँदा ती ऐनको प्रभावकारी कार्यान्वयन भएमा बालविवाहसँगै किशोरावस्थामै आमा बन्ने समस्या धेरै कम हुनसक्छ । बालविवाहको कसूर गर्ने व्यक्तिलाई ऐनमा तोकिएको सजाय दिलाएर अन्य व्यवस्था कार्यान्वयन गरेर बढ्दो बालविवाहको अन्त्य गर्नु आवश्यक देखिन्छ ।

# झाँगिदै विद्यालयमा शुल्क बेथिति



बाबुकाजी कार्की



शैक्षिक बेथितिका रूपहरू अनेक रूपमा झाँगिदै गएका छन् । सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा भनी कानुनी व्यवस्था भए तापनि भर्ना, धरौटी, चन्दा, सहयोग आदि नाममा शुल्क असुल्नु, निजी विद्यालयहरूले कानुनमा तोकिएको भन्दा बाहेक अतिरिक्त शीर्षक (भवन, शैक्षिक सामग्री, चिट्ठा, कोचिङ, ट्युसन आदि) र अधिकतम शुल्क मनोमानी ढंगबाट लिनु, कक्षामा तोकिएको पूरा समयसम्म राम्रोसँग नपढाउने तर अतिरिक्त शुल्क लिएर विद्यार्थीलाई कोचिङ, ट्युसनमा पढ्न बाध्य बनाउनु, विद्यार्थीलाई ड्रेस, टाई, बेल्ट, कपी, किताबलगायतका सामग्री स्वतन्त्र रूपमा बजारमा किन्न नदिएर विद्यालय स्वयं वा तोकेको पसलबाट किन्न बाध्य पार्नु, विद्यमान शिक्षा ऐननियमले तोकेको सेवासर्त (भवन, खेलमैदान, पिउने पानी, शौचालय, शिक्षक, कर्मचारी आदि) को समुचित व्यवस्था नगरी विद्यालय सञ्चालन गर्नु/गराउनु भ्रष्टाचार हो ।

यसैगरी होस्टल, क्याफ्टेरिया, पुस्तकालय, प्रयोगशालाको चर्को शुल्क लिएअनुसारको गुणस्तरीय सामग्री उपलब्ध नगराउनु, शिक्षक कर्मचारीको नियुक्ति गर्दा पारदर्शी रूपमा स्वच्छ र स्वस्थ प्रतिस्पर्धा नगराएर राम्रोभन्दा आफ्नो मान्छेलाई प्राथमिकता दिनु, सामुदायिक विद्यालयमा काल्पनिक शिक्षक (घोस्ट टिचर) को नाम राखेर सरकारी अनुदानको दुरुपयोग गर्नु, विद्यार्थी संख्या ढाँटेर मिथ्यांकका आधारमा विभिन्न शीर्षकमा सरकारी अनुदान र सेवासुविधा लिनु, वास्तविक शिक्षक अरू नै पेसामा लागेर आफ्नो दरबन्दीमा खेताला शिक्षक राख्नु, कानुनअनुसार विद्यालय कम्तीमा २ सय २० दिन पनि नखुल्नु, खुले पनि पढाइ नहुनु, शिक्षक र विद्यार्थीको अनुपस्थिति दर उच्च रहनु, विद्यालयको लेखापरीक्षण नगराउनु, गराए पनि सबै हिसाबकिताब नदेखाउनु, सामाजिक परीक्षण नगर्नु, विद्यालयलाई दिइने साधनस्रोत (आर्थिक अनुदान, भौतिक सुविधा, शिक्षक कोटा वितरण) वितरणमा राजनीतीकरण गरिनु आदि पनि शैक्षिक भ्रष्टाचारका रूप हुन् । किनकि त्यहाँ कानुनी रूपमा तोकिएका नीति र आधारहरू मिचिएका हुन्छन् ।

शैक्षिक सत्रको प्रारम्भमा विद्यालयमा शुल्क निर्धारणको चर्चा चुलिने गरेको छ । संस्थागत विद्यालयहरूले विविध शीर्षकमा उठाउने शुल्कको औचित्यबारेमा बहस हुने गरेको भए तापनि खासै न्यायोचित निर्क्योल हुन सकेको छैन । यसबाट शुल्कसम्बन्धी विद्यमान नीतिनियमको कार्यान्वयनको अवस्था नाजुक नै रहेको पुष्टि हुन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शुल्क निर्धारण गर्ने मापदण्ड लागू गरेको भए तापनि खासै प्रभावकारी कार्यान्वयन नभएकाले शुल्क बेथिति बढ्दै गएको अभिभावकको सदावहार गुनासो रहेको छ । विद्यालयहरूले लिने गरेको शुल्कमा विविधता र बेथितिका कारण तथा निराकरणको उपायहरूका बारेमा बहस गरेर निचोडमा पुग्नु आजको खाँचो हो । सरकारले बनाएका नीतिनियमहरु किन कार्यान्वयन हुँदैनन् ? गम्भीर विश्लेषण हुनु जरुरी छ ।

विद्यालय सञ्चालक शुल्कलगायतका सञ्चालनसम्बन्धी प्रावधानहरू लागू गर्न किन इमानदर बन्दैनन् ? नीति नियमहरू बनाउँदा सञ्चालकहरूको सहभागिता कत्तिको भएको छ ? यसरी कार्यान्वयन नै नहुने प्रावधानहरू किन बनाइन्छ ? शुल्क असुली किन बेलगाम बन्दै गएको छ ? नीतिनियम उल्लंघन गर्नेहरूमाथि आवश्यक कारबाही किन गरिँदैन ? कानुन कार्यान्वयन नहुनुमा सञ्चालकहरू मात्रै दोषी हुन् कि निर्माता पनि ? आदि प्रश्नको उत्तरका लागि प्रत्येक पक्षमा रौँचिरा विश्लेषणका आधारमा समस्याको जरो र समाधानका उपायहरुका लाथि व्यापक बहसका आधारमा निष्कर्षमा पुग्नु दूरदर्शिता ठहर्छ ।

यस वर्ष पनि कतिपय निजी विद्यालयले अनेक शीर्षक र बहानामा शुल्कको रकम तोकेर अभिभावकसँग असुल्ने प्रपञ्च रचेको अभिभावकको गुनासो बग्रेल्ती सुन्न पाइन्छ । संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ । त्यस्तै आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने संविधानमा नै उल्लेख गरेको छ । संघीय शिक्षा ऐन अहिलेसम्म नबनेका कारण संविधानमा भएका शिक्षासम्बन्धी प्रावधान व्यवहारमा लागू हुन सकेको छैन ।

विद्यमान शिक्षा ऐनअनुसार संस्थागत विद्यालयलाई उनीहरूले प्रदान गर्ने सेवासुविधाका आधारमा क, ख, ग र घ श्रेणीमा वर्गीकरण गरेर सोहीअनुसार शुल्क लिन पाउने व्यवस्था गरेको छ । शिक्षा नियमावली २०५९ संशोधनसहितको नियम १९२ (ङ)का आधारमा शिक्षा मन्त्रालयले संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड २०७२ जारी गरेको थियो । सरकारले छुट्याएको शुल्क सीमा अधिकांश विद्यालयले नाघेर लिने गरेका छन् । मासिक पढाइ, परीक्षा, कम्प्युटर कक्षा, स्थानान्तरण प्रमाणपत्र, आवास, परिवहन, खाना, शैक्षिक भ्रमण, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, विद्यालय भवन मर्मत, पुस्तकालय, प्राथमिक स्वास्थ्य, भर्ना, धरौटी, खेलकुद तथा अन्य प्रशिक्षण, शैक्षिक सामग्री आदी शीर्षकमा आफैंले तोकेर शुल्क लिने गरेको पाइन्छ । अभिभावक भेलाबाट सेवा लिन चाहनेहरूसँगबाट मात्रै शुल्क लिन पाउने भए तापनि यस्तो अभ्यास र अनुसरण खासै भएको पाइँदैन ।

शुल्क निर्धारण गर्दा कतिपय अवस्थामा कानुनमा भएको व्यवस्थालाई नजरअन्दाज गरेको देखिन्छ । भर्ना शुल्कको हकमा पहिलो पटक भर्ना हुने कक्षाको एक महिनाबराबरको शुल्क मात्र लिन पाउने व्यवस्था छ । यसैगरी प्रत्येक कक्षाको कुल मासिक शुल्कको ५० प्रतिशत नबढाई वार्षिक वा किस्ताबन्दीमा स्थानान्तरण प्रमाणपत्रको खर्चसमेत समावेश गरेर परीक्षा शुल्क लिन पाइनेछ । त्यस्तै मासिक पढाइ शुल्कको १० प्रतिशत रकम मात्र शैक्षिक सामग्री शुल्कमा लिन पाइन्छ । यसरी लिएको शैक्षिक सामग्री शुल्कको ७० प्रतिशत सोही कक्षाका लागि र बाँकी ३० प्रतिशत स्थायी प्रकृतिको सामग्रीका लागि खर्च गर्न सक्ने कानुनी व्यवस्था छ । सरोकार निकायहरुको फितलो अनुगमनका कारण कानुनमा भएका शुल्कसम्बन्धी कतिपय व्यवस्था लागू भएका छैनन् ।

आमनागरिकमा शिक्षाको संवैधानिक अधिकार प्रत्याभूति गराउने दायित्व सरकार र मातहतका निकायको हो । विद्यालय तहको शिक्षाको नियमनको जिम्मा स्थानीय तहलाई दिएपछि कार्यान्वयनको अवस्था झन् कुहिराको कागजस्तै भएको छ । पालिकाहरुले शिक्षा ऐनहरु आफूखुसी बनाउँदा एउटै जिल्लाभित्र पनि नीतिनियमहरूमा विविधता आउनु स्वाभाविकै हो ।

जिल्ला शिक्षा समन्वय एकाइको भूमिका पनि खासै प्रभावकारी हुन सकेको छैन । पालिका र समन्वय एकाइमा एउटै तह र स्तरका कार्यालय प्रमुख भएको र अझ कतिपय अवस्थामा त पालिकामा एकाइको प्रमुखभन्दा वरिष्ठ हैसियतका शाखा प्रमुख भएको कारणबाट पनि आदेश/निर्देशको कार्यान्वयनमा सहजता छैन । उता पालिकामा शिक्षाका कर्मचारी पर्याप्त नभएको र विगतका विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिको प्रावधान हटाएको कारणबाट पनि विद्यालय अनुगमन निरीक्षण प्रायः ठप्प नै छ । संविधान बनेको सात वर्ष बितिसक्दा पनि संघीय शिक्षा ऐन नबनाउनाले राज्यबाट नै शिक्षालाई व्यवस्थित गर्नेतर्फ प्राथमिकतामा नपर्नु विडम्बना नै हो । जबकि कतिपय विधेयकहरू फास्टट्र्याकबाट धमाधम पास भइराखेको जगजाहेर नै छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदनलगायतका कतिपय शिक्षा सुधारका प्रतिवेदनहरु गुमनाम छन् । यसरी शिक्षाजस्तो संवेदनशील क्षेत्रमा अस्तव्यस्तता हुनु सुशासन सुनिश्चितताका लागि शुभसंकेत मान्न सकिन्न । संयुक्त राष्ट्रसंघले जारी गरेको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३६ मा प्रत्येक

...बाँकी पृष्ठ ४ मा

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सहयोगीको सहायताले काम बन्ने समय योग छ ।
**वृष** : आत्मबल र हिम्मतले काम बन्ने समय योग छ ।
**मिथुन** : आत्मीयता बढ्ने अनि साथीसँग रमाइलो समय छ ।
**कर्कट** : हिम्मत र आँटले चुनौतीहरु पन्छाउन सकिने छ ।
**सिंह** : बौद्धिक कार्यका माध्यमबाट प्रतिष्ठा कमाइएला ।
**कन्या** : महत्वाकाङ्क्षी योजनाहरु गोप्य राख्दा राम्रो ।
**तुला** : कर्तव्य र दायित्वका बारेमा गम्भीर बनिएला ।
**वृश्चिक** : चुनौती र बाधाहरु हट्ने समय योग देखिन्छ ।
**धनु** : लगनशीलता र परिश्रमले भविष्य बन्ने समय छ ।
**मकर** : व्यवहारिक खर्च बढ्नाले मन विचलित होला ।
**कुम्भ** : आय-आर्जनमा वृद्धि र नवीन कामको थालनी होला ।
**मीन** : शुभाशिष र सहानुभूति प्राप्त हुने समय छ ।

# हराउँदै गएको 'सुकुल भोज'

नेवार समुदाय चाडपर्व, जात्रा जस्ता मौलिक परम्पराले जति सम्पन्न छ, उति नै खानेकुरा र खाने शैलीले पनि । नेवार समुदायमा हरेक महिनाजसो नै कुनै न कुनै भोज भइरहेको हुन्छ । परिवारका सदस्य, आफन्त र नातेदारहरुको जमघट गर्नु भोजको मुख्य उद्देश्य हुन्छ ।

उनीहरुको भोज खाने शैली पनि आफ्नै तरिकाको हुन्छ । परालबाट बनेको सुकुलमा लहरै बसेर मीठामीठा परिकार खानुको बेग्लै मज्जा हुन्छ । नेपाल भाषामा सुकु भ्वय भनिने यो सुकुल भोज हिजोआज पनि हराउँदै गए झैं लाग्छ । सुकुलको ठाउँ अहिले कुर्सी र टेबुलले लिन थालेका छन् ।

व्यस्तताका कारण हिजोआज सुकुलमा बस्ने चलन हराउँदै गएको संस्कृतिविद् ओम धौभडेल बताउँछन् । 'नेवार समुदायका मानिसहरु यो भोजमा खुबै रमाउँथे । सबै जना मिलेर रमाइलो गरेर भोज खान्छन् र खुवाउँछन् पनि,' उनी भन्छन्, 'हिजोआज मानिसको बेफुर्सदी बढेको छ । यो भोज तुलनात्मक रुपले खान लामो समय लाग्छ । किनकि यसमा आफूले मन परेको लियो, खायो हुने होइन । लहरै खानाको परिकार ल्याइन्छ र नटुंगेसम्म उठ्न पाइँदैन ।'

अहिले पार्टी प्यालेसमा हुने भोजमा जस्तो जे खान मन लागेको छ, त्यो मात्र



लिएर उठिहाल्न सुकुल भोजमा पाइँदैन ।

सुकुल भोजलाई असजिलो बनाउने अर्को कुरा पहिरन पनि हो । आधुनिक पहिरन लगाएर पलेंटी कसेर बस्न सहज हुँदैन । स्कर्ट, पाइन्ट, हाफ पाइन्ट, लेहेंगा जस्ता पहिरन लगाएर सुकुलमा बस्न असजिलो हुन्छ । सोही कारण पनि सुकुल भोजको प्रचलनमा कमी आएको धौभडेल बताउँछन् ।

परिवर्तित जीवनशैलीका कारण पनि अहिले मानिस व्यस्त छन् । लामो समयसम्म भोजमा बस्ने समय पनि हुँदैन । जसकारण पनि सुकुल भोज हराउँदै गएको छ ।

संस्कृतिविद् धौभडेल युवापुस्तामा सुकुल भोजको महत्व बुझाउन नसकिएको बताउँछन् । 'परम्परागत नेवारी भोज स्वास्थ्यवर्द्धक हुने भए पनि अहिलेका पुस्ता यसलाई तयार पार्न झन्झट मान्छन्,' उनी भन्छन्, 'पार्टी प्यालेसमा डिनर खाँदा हामीलाई चाँडै भोक मेट्ने र केही समयपछि फेरि भोक लाग्ने हुन्छ । साथै कुनै बेला पेट गडबडी पनि भएको हुन्छ ।'

### कहिले खुवाइन्छ सुकुल भोज ?

नेवार समुदायमा बच्चाको पास्नी, सूर्यदर्शन, व्रतबन्ध, विवाह, वार्षिकोत्सव, रथारोहण, गुठीको भोजमा सुकुल भोज गर्ने चलन छ । परिवारको कोही सदस्यको मृत्यु संस्कारपछि पनि सुकुल भोज गर्ने परम्परा छ ।

पहिले सबै जात्रा र चाडपर्वमा सुकुल भोज खुवाउने चलन भए पनि अहिले भने गुठीको भोज र मृत्यु संस्कारमा मात्रै यो सीमित जस्तो भएको धौभडेल बताउँछन् । अहिले अधिकांश भोजभतेर पार्टी प्यालेसमा गर्ने चलन तीव्र रुपमा बढेको छ ।

### सुकुल भोजमा के के परिकार हुन्छन् ?

भ्व भ्वये अर्थात् सुकुल भोजमा चिउरा, लप्ते, अचार, हरियो लसुन, द्याकागुला (झोल भएको राँगाको मासु), गेडागुडीका परिकार (केराउ, चना, सिमी, सिम्पु) काउली, आलु, छ्याला (तामाको झोल भएको तरकारी) तकोला (ठूलाठूला टुक्रा गरिएको राँगाको मासु), हरियो साग अमिलो, भुटन र दही समावेश गरिन्छ । भोजको अन्तिममा भिजाएको सानो केराउ, काटेको मुला, गाँजर र फलफूलको केही टुक्रा सलादको रुपमा राखिन्छ ।

### सुकुल भोजको सुरुवात कहिले भयो ?

संस्कृतिविद् धौभडेल यही मितिमा नै सुकुल भोज सुरु भयो भन्न नसकिने बताउँछन् । नेवारहरुले आफ्नो परम्परा र सभ्यताको विकास गर्ने क्रममा सुकुल भोजको परिकल्पना गरेको हुनसक्ने उनी बताउँछन् । *(स्रोत: अनलाईनखबर)*

# हेटौंडा उपमहानगरमा ६३ वटा बालश्रमको उजुरी



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले बालमैत्री स्थानीय शासन घोषणाको तयारी थालेपछि उपमहानगरमा ६३ वटा बालश्रमसम्बन्धी उजुरी परेको छ । हेटौंडाको १ नम्बर वडाबाट एउटा, २ बाट एउटा, ३ बाट ३ वटा, ४ बाट ९ वटा, ५ बाट ५ वटा, ७ बाट २ वटा बालश्रमसम्बन्धी उजुरी परेको छ । ८ बाट ३ वटा, ९ बाट एउटा, १० बाट ६ वटा, ११ बाट ८ वटा, १३ बाट ४ वटा, १४ बाट ३ वटा, १५ बाट ७ वटा, १७ बाट २ वटा, १८ बाट ३ वटा र १९ नम्बर वडाबाट ५ वटा बालश्रमसम्बन्धी उजुरी परेको छ । हेटौंडा उपमहानगर पालिकाले बालमैत्री स्थानीय शासन घोषणाको तयारी सुरु गरेपश्चात् वडा नम्बर ६, १२ र १६ बाट भने बालश्रमसम्बन्धी उजुरी आएको छैन ।

जसमा १२ वर्षको ३ जना, १३ वर्षको ५ जना, १४ वर्षको १३ जना, १५ वर्षको १५ जना, १६ वर्षको १३ जना, १७ वर्षको १४ जना बालबालिका श्रममा रहेको भन्दै उजुरी आएका हुन् । ५५ जना बालक र ८ जना बालिका बालश्रमिकमध्ये हालसम्म ४ जना बालश्रमिक बालबालिका विद्यालय नगएका पाइएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखाकी प्रमुख विष्णुकुमारी लामिछानेले जानकारी दिनुभयो । उजुरीका आधार बालबालिकालाई उद्दार गरिने क्रममा भारतीय ७ जना, बाहिरी जिल्लाका २१ जना र मकवानपुर जिल्लाका ३३ जना बालबालिका श्रममा रहेको पाइएको छ ।

बारा जिल्लाका १३ जना, रौतहटका ४ जना, धादिङका २ जना, पाँचथरका एकजना, सर्लाहीका एकजना, कञ्चनपुरका एकजना बालबालिका श्रममा रहेको पाइएको छ । यस्तै मकवानपुर जिल्लाभित्र रहेका हेटौंडा उपमहानगर पालिकाका २८ जना, इन्द्रसरोवर गाउँपालिकाका एकजना, बकैया गाउँपालिकाका २ जना, कैलाश गाउँपालिकाका एकजना र बागमती गाउँपालिकाका एकजना बालबालिका श्रममा रहेको पाइएको बताउनुभयो । जसमा एक जनाको भने विवरण प्राप्त नभएको बताउनुभयो । रेष्टुरेन्ट/होटल व्याङक्वेटबाट १२ जना, ग्यारेज/वर्कशपबाट २२ जना, निर्माण/ढुवानीबाट ७ जना, घरायसी काममा ३ जना, कवाडीबाट २ जना, कटन क्यान्डीबाट ३ जना, यातायातबाट १२ जना, फ्याक्ट्रीबाट २ जना बालबालिकालाई श्रम गरिरहेका अवस्थामा उपमहानगरले उद्दार गरी पारिवारिक पुनर्स्थापना गरिएको छ ।

बालश्रम बालबालिका रहेको भन्दै उजुरी तथा सुचना प्राप्त भएपश्चात हेटौंडा उपमहानगरपालिकाले ती बालबालिकाको उद्दार तथा पारिवारिक पुनर्स्थापना गरिएको उहाँको भनाइ छ । भविष्यको योजनाबारे बालबालिकासँग बुझ्दा पढ्न चाहने बालबालिका ६ जना, सीप सिक्न चाहने ५ जना, ५२ जनाले हाल गरिरहेको कार्यालयलाई नै निरन्तरता दिने बताइएको छ । २८ जना बालबालिकाले पारिश्रमिक घरमा पठाउने गरिएको छ । धुमपान र मद्यपानमा खर्च गर्ने, ९ जनाले आफ्नो लागि मात्र पारिश्रमिक खर्च गरिने गरिएको पाइएको उहाँको भनाइ छ । पारिश्रमिक नपाउने/ खाना र बस्न मात्र दिने १६ जना रहेको छ भने पारिश्रमिकको सदुपयोग कसरी हुन्छ ? पारिश्रमिक पाइएको छ या छैनन् भन्ने विषयमा ९ बालश्रमिकबाट कुनै पनि धारणा आएनन् । अधिकतमले १५ हजार रुपैयाँ पारिश्रमिक पाएका छन् भने खाना/बस्न मात्र दिने तथा पारिश्रमिक नपाउने बालश्रमिकको संख्या न्युनतम रहेको प्रमुख लामिछानेको भनाइ छ ।

नेपाल सरकारले २०८७ सालभित्र बालमैत्री स्थानीय शासन घोषणाको तयारी थलिएसँगै स्थानीय तहहरुले पनि पालिका पालिकाहरुमा बालमैत्री स्थानीय तह घोषणा तयारी थलिएको हो । २०८० मंसिर मसान्तभित्र हेटौंडा उपमहानगर लाई बालमैत्री स्थानीय शासन घोषणा गरिने उद्देश्यले उपमहानगरले बालबालिकाको अवस्थाबारे तथ्यांक संकलनका लागि ३० जना तथ्यांक संकलक खटाएका छन् । हालसम्म करिव २६ हजार घरधुरीमा तथ्यांक संकलन कार्य भइसकेको र बाँकी घरधुरीमा संकलन भइरहेको उहाँको भनाइ छ । मंगलबार कम्यूनिटी एक्सन सेन्टर-नेपालको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा श्रमिक बालबालिकाहरुको वस्तुगत विवरण तथा श्रममा रहेका बालबालिकाहरुलाई पुनर्स्थापना सम्बन्धी छलफल कार्यक्रममा प्रमुख लामिछानेले सबैको सहकार्यले हेटौंडा उपमहानगर पालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्न सकिने बताउनुभयो ।

५१ वटा सुचकमध्ये बालश्रम न्यूनीकरण सबैभन्दा महत्वपूर्ण सूचक रहेको बताउनुभयो । जुन शुन्य हुन नसकेपनि न्यूनीकरणमा सबैले प्रयास गर्नुपर्ने उहाँको भनाइ छ । कुनै सुचकमा १०० प्रतिशत नै नीतिनियमको कार्यान्वयन भएको हुनुपर्ने हुन्छ । जबसम्म सुचक पूरा हुन्न तबसम्म बालमैत्री स्थानीय शासन घोषणा नगरिने लामिछानेले स्पष्ट पार्नुभएको छ । बालमैत्री पालिका घोषणा गरिएका पालिकाहरुमा बालश्रम अझै रहेकोले घोषणाका लागि मात्र बालमैत्री स्थानीय शासन घोषणा नगरिने उहाँको स्पष्टोक्ति छ । यस्तै हेटौंडा उपमहानगरपालिकाले स्थानीय बालअधिकार समिति सदस्य सुरज बर्तौलाको संयोजकत्वमा श्रम बालबालिका उद्दार तथा पुनर्स्थापनाका लागि उपसमिति गठन गरिसकेको छ ।

यसैगरी श्रम तथा रोजगार कार्यालय हेटौंडाका निमित्त प्रमुख भीम शर्माले बालश्रम (नियमित र निषेध) गर्ने ऐन २०५६ को परिभाषा, बालबालिकालाई काममा लगाउन निषेध, बालबालिकालाई हल्का काममा लगाउने व्यवस्था, निरीक्षण सम्बन्धी व्यवस्था, दण्ड सजाय र पुनरावेदन, बालश्रम निवारण समिति र बालश्रम निवारण कोषबारे सहजीकरण गर्नुभयो । हेटौंडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँको सभाध्यक्ष तथा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआईजी) किरण राणाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

डिआईजी राणाले विद्यालय तहबाट प्रायः बालश्रमिकको पहिचान हुने भएकाले कति बालबालिका बालश्रमिक बालबालिकाको तथ्यांक संकलन विद्यालयबाट सुरु गर्न आग्रह गर्नुभयो । कहीँ कतै बालश्रम भएको पाइए प्रहरीको टोलफ्रि नम्बरमा सम्पर्क गरी जानकारी गराउन पनि उहाँले आग्रह गर्नुभएको छ । सहभागीहरुले गरिबीको रेखामुनी ७० हजार घरधूरी रहेकाले पहिला राज्यले गरिबी निवारणको प्रयास गर्नुपर्ने बताएका छन् । रहर नभई बाध्यताले श्रममा संग्लन हुने अवस्था सिर्जना भएको भन्दै बालबालिकाको आधारभूत आवश्यकतासँगै अभिभावकलाई रोजगार तथा आयमुलक कामको व्यवस्था राज्यले गर्नुपर्ने माग गरिएको छ । जसले बालमैत्री स्थानीय शासन अभियानले सार्थक लिन सकिने बताएको छ ।

## ३ हजार ३ सय ३० जनाले बनाए नागरिकता

समाज संवाददाता

**हेटौंडाः मकवानपुर जिल्लामा तग माघ महिनायता ३ हजार ३ सय ३० जनाले नागरिकता प्राप्त गरेका छन् । बंशजका आधारमा ३ हजार ३ सय २६ र बैवाहिक अंगीकृतका आधारमा ४ जनाले नागरिकता लिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । पछिल्लो ३ महिनामा एक हजार ५ सय ८३ पुरुष र एक हजार ७ सय ४३ महिलालाई बंशजको आधारमा नागरिकता प्रदान गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरका कम्प्युटर अपरेटर अमितकुमार कर्णले जानकारी दिनुभयो ।**

**पछिल्लो ३ महिनामा नागरिकताको प्रतिलिपि लिनेको संख्या ३ हजार एक सय ५० छ भने ५ हजार ६ सय ३२ जनाले राहदानीका लागि सिफारिस लिएका छन् ।**

## बालअधिकार हाम्रो दायित्वः अध्यक्ष लामिछाने

समाज संवाददाता

हेटौंडाः बालअधिकारको संरक्षण गर्न सम्पूर्ण सरोकारवालाहरु एकवद्ध भएर अभियानमा जुट्नुपर्नेमा जोड दिइएको छ । बकैया गाउँपालिकाले आयोजना गरेको बाल अधिकारका विषयमा प्रशिक्षक प्रशिक्षण तालिमको उद्घाटन समारोहमा बोल्नुहुँदै जनप्रतिनिधी, सामाजिक अगुवाहरुले यस्तो बताएका हुन् ।

मंगलबारदेखि एक हप्तासम्म संचालन हुने तालिमको उद्घाटन कार्यक्रममा बोल्नुहुँदै बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले १८ वर्षसम्मका बालबालिकाको बाल संरक्षण, विकास, सहभागिता र बाल बचाउका हरेक सवाल हामी सबैको दायित्व भएको बताउनु भयो । कार्यक्रममा बकैया गाउँपालिकाका उपाध्यक्ष भक्त बहादुर खत्रीले पालिका भित्र बढ्दो बालबिवाहका सवालमा फरक ढङ्गले अघि बढ्नु पर्ने र बालबालिकामा बढ्दो दुर्व्यसनीका सवालमा चिन्ता प्रकट गर्नुभयो ।

कार्यक्रममा बकैया गाउँपालिकाका प्रशासकीय अधिकृत महेश श्रेष्ठले प्रशिक्षक प्रशिक्षणले स्थानीय तहमै बालअधिकारका विषयमा सहजकर्ता उत्पादन गर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा सहजकर्ता राष्ट्रिय बाल संरक्षण मन्चका अध्यक्ष प्रकाश खतिवडा तथा सन्चारकर्मी आशिष दुलाल, बकैया कार्यपालिका सदस्य लक्ष्मी माझी लगायतको उपस्थिति रहेको थियो । बकैया-३ का अध्यक्ष भुवन सिंह घलानको सभाध्यक्षतामा सम्पन्न औपचारिक कार्यक्रममा सामाजिक बिकास इकाई प्रमुख होम कुमारी सन्जेलले सहभागीलाई स्वागत गर्नुहुँदै तालिमको उद्देश्य माथि प्रकाश पार्नु भयो । तालिममा बकैया गाउँपालिकाका विभिन्न वडाका जनप्रतिनिधी, कर्मचारी, बालमैत्री सहजकर्ता गरी २० जना सहभागी छन् ।

# स्वास्थ्य शिविरबाट १३४ लाभान्वीत



समाज संवाददाता

**हेटौंडाः स्तन तथा पाठेघरको मुखको क्यान्सर परीक्षण शिविरबाट १३४ जना सेवाग्राही लाभान्वीत भएका छन् । मंगलबार जागरण बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा बीपी कोइरला मेमोरियल क्यान्सर अस्पतालको प्रविधिक सहयोग र नेपाल अर्बुद रोग निवारण संस्था मकवानपुरगढी गाउँपालिकाको समन्वयमा मक्राञ्चुलीमा शिविर भएको हो ।**

**सहकारीको २५ औं स्थापना दिवसको अवसरमा शिविरको आयोजना गरिएको संस्थाका अध्यक्ष कलपना श्रेष्ठले बताउनुभयो । शिविरमा स्वास्थ्य परीक्षण गराएका १३४ जनामा कसैमा पनि पाठेघरको क्यान्सर नदेखिएको श्रेष्ठले जानकारी दिनुभयो । परीक्षण गराएकामध्ये पहिलो चरणमा आङ खस्ने ७ जना देखिएको उहाँको भनाई छ ।**

**यस्तै, दोस्रो चरणमा आङ खस्ने २ जना र तेस्रो चरणमा आङ खस्ने २ जना देखिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । तेस्रो चरणमा आङ खस्ने महिला २ जनालाई शिविरमै चुरन राखेर पठाइएको श्रेष्ठले जानकारी दिनुभयो । स्वास्थ्य परीक्षणबाट ४ जनामा पोलिप संक्रमण, एक्साइ ट्रिस २ जनामा, लिजन २ जनामा, संक्रमित पानी बगेको २ जना, टच विलिङ्ग १० जना र पाठेघर मुखमा संक्रमित रहेको १० जना देखिएको छ । मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामाको प्रमुख आतिथ्य तथा सहकारी अध्यक्ष श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा ३ नम्बर वडा अध्यक्ष भागवत घिमिरे, ४ नम्बर वडा अध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, गाउँपालिका स्वास्थ्य शाखा प्रमुख ध्रुव लामिछाने र शहीद रुद्र स्मृति सामुदायिक स्वास्थ्य इकाई प्रमुख लक्ष्मण दाहालको आतिथ्य रहेको थियो ।**


## श्री अमर माध्यमिक विद्यालय
हेटौंडा-१, मकवानपुर

### शिक्षक आवश्यकता

सूचना प्रकाशित मितिः २०८०/१/१३ गते

उपर्युक्त सम्बन्धमा यस विद्यालयमा अंग्रेजी माध्यमबाट नर्सरी कक्षा सञ्चालन गर्नका लागि शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित् योग्यता पुगेका नेपाली नागरिकहरुबाट आजको मितिले ७ (सात) दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशीलः**

| क्रस | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | ०१/०७९/०८० | नर्सरी शिक्षक | १ |

उमेरः १५ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक
तलबः विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार
आवश्यक शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सो सरह उत्तीर्ण गरी मन्टेश्वरी तालीम लिएको हुनुपर्ने ।
परीक्षा दस्तुरः रु. ५००/-(अक्षेरुपी पाँच सय) मात्र ।
दरखास्त दिने अन्तिम मितिः २०८०/०१/१९ गते (विद्यालय समयभित्र) ।
सम्पर्क मितिः २०८०/०१/२० गते ।
परीक्षा मितिः सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।
परीक्षाको किसिमः लिखित र मौखिक । आवश्यकता अनुसार कक्षा अवलोकन ।
आवश्यक कागजातः नेपाली नागरिकता, शैक्षिक योग्यता, मन्टेश्वरी तालीम लिएको प्रमाणपत्र र अनुभवको प्रमाणित प्रतिलिपि २/२ थानका साथ हस्तलिखित निवेदन ।

**थप जानकारीका लागि**
**सम्पर्क नं.: ०५७-५२२९६५**



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३





### खुला हास्यव्यंग्य कविता प्रतियोगिता हुने

# प्रथम हुने कवितालाई १५ हजार पुरस्कार

समाज संवाददाता

हेटौंडाः हास्यव्यंग्य साहित्यलाई प्रवर्द्धन गर्ने संस्था सिस्नुपानी नेपाल मकवानपुरले सिस्नुपानी नेपालको स्थापना दिवसको अवसरमा खुला हास्यव्यंग्य कविता प्रतियोगिता आयोजना गर्ने भएको छ ।

वैशाख २२ गते हुने प्रतियोगिताका लागि वैशाख १८ गतेसम्म कविता पठाउन सकिने सिस्नुपानीले जनाएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को विशेष प्रवर्द्धनमा प्रतियोगिता आयोजना हुन लागेको हो । प्रतियोगितामा देशभरका कविहरूले भाग लिन सक्ने संस्थाका अध्यक्ष राजकुमार लामिछानेले बताउनु भएको छ ।

समाजमा हुने गरेका विकृति र विसंगतीविरुद्ध साहित्य सिर्जनामार्फत् सुधारका लागि दबाब दिन सकिने उन्नत समाज स्थापनातर्फ सदैव जोड गर्नका लागि हास्यव्यंग्य साहित्यको उल्लेख्य भूमिका रहेकोले यसको उन्नयन गर्ने उद्देश्य रहेको उपाध्यक्ष तथा कार्यक्रम संयोजक मीनप्रसाद लामिछानेले बताउनु भएको छ ।

प्रतियोगितामा कविता २५० शब्दभित्र रहने गरी तथा अन्य अप्रकाशित हास्यव्यंग्य रचना मात्रै समावेश गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा प्रथम हुने कवितालाई नगद १५ हजार रुपैयाँ, द्वितीय हुने कवितालाई १० हजार रुपैयाँ, तृतीय हुने कवितालाई ५ हजार रुपैयाँ तथा सान्त्वना २ जनालाई ३/३ हजार रुपैयाँसहित पुरस्कृत गरिनेछ । सिस्नुपानी मकवानपुरले आफ्नो स्थापना दिवस, भैरव जयन्ति, गाइजात्रा लगायतका आफ्नै घोषित कार्यक्रम र विभिन्न संस्थाहरूका साहित्यिक कार्यक्रममा सक्रिय रुपमा सहभागिता जनाइरहेको छ ।

सिस्नुपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागेले उपत्यकाबाहिर सिस्नुपानी नेपालको एक मात्र प्रभावशाली शाखाको रुपमा मकवानपुर शाखा रहेको उल्लेख गर्नुहुँदै हास्यव्यंग्य साहित्यको विकास र प्रवर्द्धनका लागि पुरस्कार स्थापनादेखि निरन्तर अनेक कार्यक्रमहरू आयोजना गर्दै आएको र हाल आकर्षक नगद पुरस्कारसहित राष्ट्रव्यापी हास्यव्यंग्य कविता प्रतियोगिता आयोजना गरेर थप उचाइ प्राप्त गरेको उल्लेख गर्नुभयो । हास्यव्यंग्यमा पुराना पुस्तालाई सम्मान र नयाँ पुस्तालाई आकर्षण गर्नमा सिस्नुपानी मकवानपुरको अनुकरणीय योगदान रहँदै आएको अध्यक्ष गाम्नागेको भनाइ छ ।

अग्रज हास्यव्यंग्यकार आरसी रिजालले हास्यव्यंग्य कविता प्रतियोगिताले संस्थाको गरिमा अझ बढ्ने तथा धेरै सर्जकहरूले हास्यव्यंग्य लेखनमा सक्रिय रहिरहनु भएको अवस्थामा यस्ता कार्यक्रम निकै रुचाइने बताउनु भयो । हास्यव्यंग्यकार रिजालले सहयोग प्रदान गर्नु भएको घडेरीमा २०५५ सालमा स्थापना भएको सिस्नुपानी मकवानपुर तथा साहित्य संगम मकवानपुरको संयुक्त भवन समेत रहेको छ ।

# चितवन भारतीय वृद्ध नागरिकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका–७, सौराहामा भारतीय वृद्ध नागरिकको मृत्यु भएको छ । मृत्यु हुनेमा भारत महाराष्ट्र पुणेका ७९ वर्षीय वृद्ध अम्बिका रणवीर अग्रवाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

अग्रवाल सोमबार बिहान ६ बजेको समयमा चितवनको सौराहामा रहेको होटल ल्याण्डमार्कमा बसेकोमा एक्कासी बिरामी भएका थिए । अग्रवाललाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# मकवानपुर क्याम्पसका संस्थापक प्रमुखको श्रद्धाञ्जली सभा



स्वर्गीय मुकुन्द दास श्रेष्ठको शालिकमा माल्यार्पण गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर बहुमुखी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख मुकुन्द दास श्रेष्ठको आठौं स्मृति दिवसका दिन मंगलवार बिहान क्याम्पसमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ । २०७२ सालको भूकम्पमा परी निधन भएका श्रेष्ठको स्मृतिमा क्याम्पसले उहाँको अर्धकदको प्रतिमामा माल्यार्पण गरी श्रद्धाञ्जली व्यक्त गरेको छ ।

क्याम्पस प्रमुख डा. शंकर प्रसाद उपाध्याय, पूर्वविद्यार्थी प्रताप बिष्टसहित क्याम्पसका प्राध्यापक, कर्मचारी, विद्यार्थीले स्वर्गीय श्रेष्ठप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । २०३७ सालमा स्थापना भएको मकवानपुर बहुमुखी क्याम्पसमा श्रेष्ठ २०४५ सालसम्म क्याम्पस प्रमुखको जिम्मेवारीमा रहनुभएको थियो । २०७२ सालको भूकम्पमा काठमाडौंमा श्रेष्ठको मृत्यु भएको थियो । मकवानपुर बहुमुखी क्याम्पसको विकासमा उल्लेखनीय योगदान गर्नुभएको स्मरण गर्दै पूर्वविद्यार्थीको अग्रसरतामा गत वर्ष मात्रै क्याम्पस परिसरमा श्रेष्ठको अर्धकदको प्रतिमा निर्माण गरिएको हो ।

# चट्याङ लागेर चौपायाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको गढी गाउँपालिका–३, घोप्टेमा चट्याङ लागेर पशु चौपायाको मृत्यु भएको छ । सोमबार सोही स्थान बस्ने मदन सापकोटाको घर नजिक रहेको गोठमा चट्याङ पर्दा ४ वटा खसी बाखा मरेका छन् । खसी बाखा मर्दा ६५ हजार रुपैयाँ बराबरको क्षति भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# क्रिकेट खेलाडी छनौट सुरु

समाज संवाददाता

हेटौंडाः दोस्रो संस्करणको बागमती प्रदेश खेलकुद प्रतियोगिताका लागि मकवानपुरको पुरुष क्रिकेट टिम छनौट सुरु भएको छ । मंगलबारबाट जिल्ला खेलकुद विकास समिति मकवानपुरले पुरुष क्रिकेट खेलाडी छनौट सुरु गरेको हो ।

छनौट चरणमा २४ खेलाडीहरु सहभागी छन् । मंगलबारबाट ३ दिन टी–२० खेल आयोजना हुनेछ । उक्त खेलबाट १८ जना खेलाडी छनौट हुनेछन् । छनौट भएको १८ जनालाई बागमती प्रदेश खेलकुद विकास परिषद्ले बन्द प्रशिक्षणमा राख्नेछ । बन्द प्रशिक्षणपश्चात् अन्तिम १४ छनौट गरिनेछ ।

अहिले छनौट चरणमा सहभागीमध्ये अधिकांश पहिलो संस्करणको बागमती प्रदेश खेलकुद प्रतियोगितामा सहभागी खेलाडीहरु रहेका छन् । मकवानपुरको क्रिकेट टिम पहिलो संस्करणको विजेतासमेत हो । मकवानपुरले फाइनलमा धादिङलाई २१ रनले हराउँदै च्याम्पियन बनेको थियो ।

मकवानपुर क्रिकेट टिमका कप्तान सुमन सुनारले यसपटक पनि च्याम्पियन हुने गरी आफूहरूले तयारी गरिरहेको बताउनुभयो । छनौट चरणमा नियमित खेलिरहेका सिनियर खेलाडीहरु सहभागी भएकाले टिम बलियो हुने उहाँले बताउनुभयो । नियमित खेल खेल्दा आफ्नो कमीकमजोरीलाई सुधार्ने अवसर पाउने र बन्द प्रशिक्षणमा सहभागीपछि म्याच कसरी खेल्ने भन्ने अनुभव हुने कप्तान सुनारले बताउनुभयो ।

यस्तै, मकवानपुरलाई गत संस्करणमा पुरुष क्रिकेट टिमलाई उपाधि दिलाउन सफल मकवानपुर क्रिकेट टिमका निवर्तमान कप्तान रामनरेश गिरीले बलियो टिम बनाउन संघ र सबै सरोकारवाला निकायको सपोर्ट हुनुपर्ने बताउनुभयो । देशमा अहिले क्रिकेटप्रति एउटा उत्साह छाएकाले क्रिकेट खेलाडी उत्पादनमा सबैले ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

गिरीले अहिले मकवानपुरमा क्रिकेट खेल्न र प्रशिक्षण गर्न व्यवस्थित मैदान नहुँदा राम्रोसँग प्रशिक्षण गर्न नपाइरहेको बताउनुभयो । अहिले हुप्रचौरमा दैनिक प्रशिक्षण गर्ने र कहिलेकाहीं मैत्रीपूर्ण खेलहरु खेल्दा खुलारूपमा खेल्न नपाइरहेको गिरीले बताउनुभयो । मकवानपुरमा क्रिकेटका प्रतियोगिता नहुँदा अहिले खेलिरहेका खेलाडीहरुमा निराशा रहेको उहाँको भनाइ छ ।

मकवानपुरमा नयाँ पुस्ताका क्रिकेट खेलाडीहरु उत्पादन नहुनुमा प्रतियोगिता नहुनु र सरोकारवालाको चासो कम रहेको गिरीको भनाइ छ । गिरीले मकवानपुरको क्रिकेट टिमका लागि स्पोन्सरको पनि समस्या रहेको बताउनुभयो । निवर्तमान कप्तान गिरीले मकवानपुरलाई आठौं संस्करणको राष्ट्रिय प्रतियोगितामा च्याम्पियन, पहिलो संस्करणको बागमती खेलकुद प्रतियोगितामा च्याम्पियन र जिल्ला छनौटमा मकवानपुरलाई विजयी गराउन सफल भएको थियो । यी ठूला प्रतियोगिताहरुमा सफलता दिलाए पनि क्रिकेट खेलाडीलाई हौसला दिने खालको कार्यक्रमहरु नभएको गिरीको भनाइ छ ।

# भीरबाट लडेर सितारामको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१२ मा एक वृद्धको भीरबाट लडेर मृत्यु भएको छ । सोमवार साँझ हेटौंडा–१२ स्थित जनप्रिय सामुदायिक वन क्षेत्रको भीरबाट लडेर ६६ वर्षीय सिताराम बर्तौलाको मृत्यु भएको स्थानीय कुमार पोखरेलले जानकारी दिनुभएको छ । हेटौंडा–१२, रमनटारका स्थायीबासी बर्तौला हाल हेटौंडा–१९, क्याम्पाडाँडामा बसोबास गर्दै आएका थिए । सोमबार साँझ भीरबाट लडेर मृत्यु भएका बर्तौलाको शव स्थानीयले मंगलवार बिहान देखेका थिए । स्थानीयले प्रहरीलाई खबर गरेर शव पोष्टमार्टमका लागि पठाएका थिए ।

# औलो दिवसमा हाजिरीजवाफ

समाज संवाददाता

हेटौंडाः विश्व औलो दिवसको अवसरमा हेटौंडामा हाजिरीजवाफ कार्यक्रम भएको छ । बागमती प्रदेश सरकारको स्वास्थ्य निर्देशनालयले मंगलवार आयोजना गरेको कार्यक्रममा हेटौंडा–५ स्थित मकवानपुर टेक्निकल इन्स्टिच्युटमा स्वास्थ्य प्राविधिक विषयका विद्यार्थीको सहभागिता रहेको थियो ।

विश्व औलो दिवसकै अवसरमा प्रदेशका १० स्थानमा औलोसम्बन्धी सचेतनामूलक कार्यक्रमको आयोजना गरिएको औलो फोकल पर्सन सुशील आचार्यले जानकारी दिनुभएको छ । अप्रिल २५ का दिन विश्व औलो दिवस मनाइन्छ । सन् १९५८ बाट विश्व औलो दिवस मनाउँदै आएको हो । "शून्य औलो अबको थालनीः नवीनतम कार्य, कार्यान्वयनमा लगानी" भन्ने नाराका साथ यस वर्षको औलो दिवस मनाइँदैछ । बागमती प्रदेशमा अहिले औलोका २७ जना बिरामी रहेको स्वास्थ्य निर्देशनालयले जनाएको छ । नेपालले सन् २०२५ सम्ममा औलो निवारण गर्ने लक्ष्य लिएको छ । खुला सिमानाका कारण भारतसँग हुने आउजाउका कारण औलोको संक्रमण नियन्त्रणमा मुख्य चुनौति रहेको सरकारको ठम्याइ छ । औलो लामखुट्टेको टोकाईबाट लाग्ने रोग हो । कार्यक्रममा स्वास्थ्य निर्देशनालयका सूचना अधिकारी शिव वडाल, विश्व स्वास्थ्य संगठम, सिटिझिभिट, सेभद चिल्ड्रेनका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

### आमा शीर्षकमा निबन्ध र कविता प्रतियोगिता

# विजेताले १५ हजार पुरस्कार पाउने

समाज संवाददाता

हेटौंडाः आमाको सम्मानमा आमा शीर्षकमै निबन्ध तथा कविता प्रतियोगिता हुने भएको छ । हेटौंडा–४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टले मातातीर्थ औंसीको सन्दर्भमा प्रतियोगिता आयोजना गर्न लागेको हो । कविता तथा निबन्ध प्रतियोगितामा ९ कक्षादेखि १२ कक्षासम्म अध्ययनरत विद्यार्थीहरुले सहभागिता जनाउन पाउनेछन् ।

कविता र निबन्ध दुबै विधामा प्रथम, द्वितीय, तृतीय हुनेले जनही १५ हजार, १० हजार र ८ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै सान्त्वना हुने दुईजनालाई ५/५ हजार रुपैयाँ उपलब्ध गराइने हेटौंडा स्कूल अफ म्यानेजमेन्टले जनाएको छ । कवितातर्फ उत्कृष्ट २५ लाई कविता वाचन गर्न दिई मूल्यांकन गरिनेछ भने निबन्धका लागि डेढ घण्टाको समय दिएर लेख्न दिइनेछ । निबन्ध ५ सय शब्दमा नबढाई लेख्नुपर्ने बताइएको छ ।

आमाप्रतिको सम्मानभाव अभिवृद्धि गराउन कविता तथा निबन्ध प्रतियोगिता आयोजना गर्न लागिएको हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरन बहादुर जोशीले जानकारी दिनुभयो । आमाको सम्मान र आमाको माया भएको घर, परिवार सुन्दर, शान्त र सुखी हुने उल्लेख गर्नुहुँदै आमाको उचित स्याहार र मायाले विद्यार्थीको उचित शिक्षाको आधार पनि तयार हुने भएकोले आमाको सम्मानसँगै विद्यार्थीमा आमाप्रति अझ बढी सम्मानभाव बढाउन प्रतियोगिता फलदायी हुने उहाँको अपेक्षा छ । गत वर्ष म्यानेजमेन्टले आमा शीर्षकमा चित्रकला प्रतियोगिता आयोजना गरेको थियो । प्रतियोगितामा सहभागीले आफ्नो आमाको चित्र बनाउनुपर्ने बताइएको थियो ।

### झाँगिदै विद्यालयमा...

व्यक्तिलाई शिक्षा पाउने अधिकार रहने उल्लेख गरेको छ । त्यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १३ ले प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई राज्यले स्वीकार गर्नुपर्ने उल्लेख गरेको छ । नेपालमा पनि शिक्षा सुधारका लागि विभिन्न परियोजना, आयोग तथा कार्यदलहरुको प्रतिवेदन मात्रै इमानदारिताका साथ कार्यान्वयन गरिएमा शैक्षिक बेथितिहरु धेरै मात्रमा न्यूनीकरण गर्न सकिन्थ्यो । तर, हाम्रोमा संविधानलाई ऐनले, ऐनलाई नियमले, नियमलाई परिपत्र र परिपत्रलाई स्वेच्छाचारी मौखिक आदेश/निर्देशले काट्ने परम्परा हरेक क्षेत्रमा अभ्यास हुँदै आएकाले दिगो समाधान हुन नसकेको सहजै अनुमान गर्न सकिन्छ ।

(स्रोतः कारोबार दैनिक)

# आगलागीबाट १० लाख रुपैयाँको क्षति

समाज संवाददाता

हेटौंडाः आगलागीबाट मकवानपुरको राक्सिराङ गाउँपालिकामा दुई वटा घर जलेर नष्ट भएको छ । राक्सिराङ–५ का गहिराम प्रजाको दुई वटा घर जलेर नष्ट हुँदा १० लाख रुपैयाँ बराबरको धनमाल क्षति भएको हो ।

मंगलबार बिहान ११ बजेको समयमा प्रजाको काठको र खरले बनेको १ तले घरमा अचानक आगलागी हुँदा १० लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो । प्रजाको घरभित्र रहेको ३ लाख रुपैयाँ नगद, लत्ता–कपडा, अन्नपात, गर–गहना र मौरीको घार ७० वटा जलेर नष्ट भएको प्रवक्ता कार्कीले बताउनुभयो । आगलागी दिउँसो ४ बजेपछि मात्र स्थानीयहरुले निभाएको थियो । आगलागी हुँदा मानवीय क्षति भने नभएको जनाएको छ ।

# ३ महिनामा ७ हजार बढीले बनाए राष्ट्रिय परिचयपत्र


समाज संवाददाता

हेटौंडाः पछिल्लो ३ महिनामा मकवानपुरमा ७ हजार २ सय ६४ जनाले राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिएका छन् । माघ महिनादेखि चैत महिनासम्म परिचयपत्र बनाउनेको संख्या ७ हजार २ सय ६४ रहेको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ ।

४ हजार २ सय ५ पुरुष र ३ हजार ६९ महिलाको राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ ।

भर्ना खुल्यो !! भर्ना खुल्यो !!
नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरुमा हार्दिक मङ्गलमय शुभकामनासहित
शैक्षिक सत्र २०८० को लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउन चाहन्छौं ।
Entrance प्रवेश परिक्षा भइरहेको जानकारी गराउन चाहन्छौं।
आधारभूत तथा माध्यमिक तहको Entrance परिक्षा चैत २९ गते हुनेछ ।
पूर्व प्राथमिक तथा प्राथमिक तहको Entrance परिक्षा चैत ३० गते हुनेछ ।
Tulasi Mehar Memorial Secondary School
Hetauda-10
Contact no:057-520737, 9855071876

के तपाई पौडी सिक्न चाहनुहुन्छ ?
सहभागी हुन सक्ने उमेरः
७ बर्ष भन्दा माथी
समयः
बिहानः ८:०० बजे देखि ११: ०० बजेसम्म
दिउँसोः २:०० बजेदेखि ५: बजेसम्म



थप जानकारीको लागि सम्पर्कः
HETAUDA FUTSAL AND SPORTS CENTER
BHUWAN SINGH PATH, KAMALDANDA, HETAUDA
CONTACT NO. 9845700596, 057-523533

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा–४, अजयअमररोड, ०५७–५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ